# स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ९ संख्या : ४ मिति २०८२/८ /२६

भाग-२

## जानकी गाउँपालिकामा निर्माण गरिएका पुराना भवनहरूको अभिलेख व्यवस्थापन सम्बन्धि निर्देशिका, २०८२

प्रमाणीकरण मिति : २०८२/०८/२६

प्रस्तावना :

भवन मापदण्ड, २०७२ लागु हुनु पूर्व निर्माण भै प्रचलित कानून बमोजिम नक्सापास गर्नु पर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृती बेगर हेरफेर गरी वा मापदण्ड विपरित बनाएका भवनहरूको अभिलेखीकरण गरी व्यवस्थित बस्ति विकास तथा शहरीकरणको अवधारणलाई मुर्त रूप दिनका लागि अभिलेखीकरण गर्ने कार्यलाई व्यवस्थित गर्न वान्छनीय भएकोले, जानकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम जानकी गाउँपालिकाले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो निर्देशिकाको नाम "जानकी गाउँपालिकामा निर्माण गरिएका पुराना भवनहरूको अभिलेख व्यवस्थापन सम्बन्धि निर्देशिका, २०८२" रहेको छ ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनुपर्छ ।

ख) "कार्यपालिका" भन्नाले जानकी गाउँ कार्यपालिका सम्झनुपर्छ ।

ग) "अध्यक्ष" भन्नाले जानकी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

घ) "गाउँपालिका" भन्नाले जानकी गाउँपालिका सम्झनुपर्छ ।

ङ) "भवन मापदण्ड" भन्नाले बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, २०७२ तथा निर्माण सम्बन्धि अन्य प्रचलित कानूनलाई सम्झनुपर्छ ।

च) "वडा कार्यालय" भन्नाले जानकी गाउँपालिकाको वडा कार्यालय सम्झनुपर्छ।

छ) "प्राविधिक" भन्नाले जानकी गाउँपालिका वा वडा कार्यालयबाट जग्गा वा भवन नापजाँच गर्नको लागि खटाएको प्राविधिक कर्मचारीलाई सम्झनुपर्छ ।

ज) "घरधनी" भन्नाले बनाएको घरको स्वामित्व भएको व्यक्तिलाई सम्झनुपर्छ ।

झ) "संधियार" भन्नाले घर रहेको जग्गासँग सिमाना जोडिएका सबै जग्गा धनिहरूलाई सम्झनुपर्छ ।

ञ) "परामर्श दाता इन्जिनियर" भन्नाले मापदण्डले तोकिए बमोजिमको यस गाउँपालिकामा दर्ता भएका निजि परामर्श दाता प्राविधिकलाई सम्झनुपर्छ।

ट) "घर अभिलेखीकरण" भन्नाले घर नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका घरहरूको गाउँपालिकामा अभिलेखीकरण गर्ने तथा नियमित गर्ने प्रक्रियालाई बुझाउन्छ ।



३. भवन अभिलेखीकरण सम्बन्धि व्यवस्था :

क) भवन मापदण्ड, २०७२ लागु हुनु पूर्व निर्माण भैसकेका घरहरू जस्ताको तस्तै जुन अवस्थामा छ सोही अनुसारको नक्सा तथा फोटो माग गरी घर नक्सा प्रमाणित गरी भवन अभिलेखीकरणको प्रमाण पत्र उपलब्ध गराउने।

ख) भवन मापदण्ड, २०७२ लागु भैसकेपछि भवन निर्माण अनुमति नलिई निर्माण भएका तर भवन मापदण्ड, २०७२ र सडक मापदण्ड तथा अन्य प्रचलित कानूनको पूर्ण रूपमा पालना भएका वा मापदण्ड पालना नभएका भवनहरूलाई जस्ताको तस्तै जुन अवस्थामा छ सोही अनुसारको नक्सा तथा फोटो माग गरी घर नक्सा प्रमाणित गरी भवन अभिलेखीकरणको प्रमाण पत्र उपलब्ध गराउने ।

ग) भवन मापदण्ड, २०७२ बमोजिम प्रक्रियामा आईसके पश्चात नियम बमोजिम प्रक्रिया पुरा गरी आएका वा नक्सा स्वीकृति लिई आफु खुशी तला थप वा फरक प्रकृतिको भवन निर्माण गरेमा यस पूर्व स्वीकृत दिएका कागजात रद्द गरी अभिलेखीकरण गर्ने ।

घ) यो निर्देशिका लागु हुनु भन्दा अगाडी बनेका घरहरूलाई जुन अवस्थामा छन् सोही अवस्थमा अभिलेखीकरण गर्ने ।

ङ) भवन मापदण्ड, २०७२ लागु हुनु पूर्व र तत्पश्चात निर्माण भै परिमार्जित राष्ट्रिय भवन संहिता NBC : 2024 Ready To Use Detailing Guidelines For low Rise Reinforced Concrete Building without Masonary Infill स्वीकृत हुनु पूर्व कानून बमोजिम नक्सापास गर्नु पर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी बनाएका भवनहरूको अभिलेखीकरण गरी व्यवस्थित बस्ति विकास तथा शहरीकरणको अवधारणलाई मूर्तरूप दिनका लागि अभिलेखीकरण गर्ने कार्यलाई व्यवस्थित गर्नाको लागि ।

च) भवन मापदण्ड, २०७२ लागु भई सकेपछि र तत्पश्चात निर्माण भै परिमार्जित राष्ट्रिय भवन संहिता NBC : 2024, Ready To Use Detailing Guidelines For low Rise Reinforced Concrete Building without Masonary Infill स्वीकृत हुनु पूर्व कानून बमोजिम नक्सापास गर्नु पर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी बनाएका भवनहरूको हकमा गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बामोजिम दस्तुर लिई अभिलेखीकरण गर्ने ।

छ) पिलर साइज ९"X९" र १२"X९" का भवनहरूको तला थप्ने हकमा भूई तलाको मात्र नक्सापास गरेको तर सो माथि आंशिक वा पूर्ण पहिलो तला वा दोस्रो तला निर्माण गरेको अवस्यामा अभिलेखीकरण प्रमाण पत्र दिने । Load Bearing भवनको हकमा २ तल्ला सम्म मात्र अभिलेखीकरण स्वीकृति दिने ।

ज) आफ्नो स्वामित्वमा रहेको जग्गा बाहेकको जग्गा, सडक अधिकार क्षेत्र लगायत सार्वजनिक जग्गा, पर्तिजग्गा, कुलो, नदि, खोला, कुँवा, पोखरी, ताल आदि जस्ता जग्गा अतिक्रमण गरी बनाएको पाइएमा सो भवन अभिलेखीकरण गरिने छैन ।

झ) यस बमोजिम अभिलेखीकरण गरिएको भवनमा तला थप गर्न पाइने छैन।

ञ) नापी नक्सामा बाटो भए अनुसार अभिलेखीकरण गर्ने ।

४. भवन अभिलेखीकरण राजश्व सम्बन्धमा

क) भवन मापदण्ड, २०७२ लागु हुनु पूर्व निर्माण भैसकेका घरहरूको हकमा गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम दस्तुर लिई अभिलेखीकरण गर्ने ।

## परिच्छेद -२

### भवन अभिलेखीकरण सम्बन्धि प्रक्रिया ,

५. भवन अभिलेखीकरणका लागि निम्न अनुसार प्रक्रिया अवलम्बन गरिनेछ।

क) सम्बन्धित व्यक्तिले भवन अभिलेखीकरण गर्नाको लागी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

ख) गाउँपालिकाको आर्थिक प्रशासन शाखाबाट घरनक्सा अभिलेखीकरण किताब आर्थिक ऐनमा तोकेबमोजिम राजश्व लिई उपलब्ध गराउने ।

ग) नक्सा बनाउने परामर्श दाता इन्जिनियरले अनुसूची-२ अनुसारको ढाँचामा प्राविधिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

घ) अनुसूची -३ बमोजिम वडा कार्यालयलको सिफारिस अनिवार्य पेश गर्नुपर्नी

ङ) सम्बन्धित वडा कार्यालयले सिफारिस गरी गाउँपालिकामा पठाई सकेपछि गाउँपालिकाले साँध संधियार कसैलाई पिर मर्का परेमा आफुलाई मार्का परेको सबै विवरण खुलाई १५ दिन भित्र उजुर गर्नु होला भनि १५ दिने सन्धि सर्पन बारेको संधियारलाई सूचना अनुसूची-४ बमोजिम जारी गर्ने र सूचना टाँस मुचुल्का अनुसूची-५ बमोजिम उठाउने ।



च) बुँदा ५(च) बमोजिमको सूचनामा कसैको उजुरी नपरेमा गाउँपालिकाले अमिन खटाई अनुसूची-६ बमोजिमको सर्जमिन मुचुल्का उठाउने र उजुरी परेमा ऐन बमोजिम गरिने ।

छ) गाउँपालिकाबाट प्राविधिक कर्मचारी खटाउने र प्राविधिक कर्मचारीले स्थलगत प्रतिवेदन अनुसूची -७ बमोजिम तयार गरी प्रतिवेदन र सिफारिस प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

ज) सम्बन्धित वडा कार्यालय तथा प्राविधिक प्रतिवेदनका आधारमा भवन अभिलेखीकरण प्रमाण पत्र उपलब्ध गराउने ।

झ) अभिलेखिकारण प्रमाण पत्रको नमुना अनुसूची -८ बमोजिम हुनेछ ।

## परिच्छेद -३

### विविध

६. यस निर्देशिका बमोजिम अभिलेखीकरण प्रमाण- पत्र प्रदान गरिएको सबै भवनहरूको सम्बन्धमा गाउँपालिकाले गरेको निर्णय तथा शर्तहरू अनिवार्य रूपमा घर धनीले पालना गर्नु पर्नेछ ।

७. भवनको वर्गीकरण :

(क) पक्कि भवन : आर.सि.सि. पिलर, विम र छाना भएको।

(ख) साधारण घर : इटा वा ढुंगामा माटो वा सिमेन्टको जोडाई भएको टिन वा पक्की छाना भएको भवन ।

(ग) सामान्य घर : काँचो इटा वा ढुंगा र माटोको जोडाईमा टिन वा फुसको छाना भएको घर ।

(घ) कच्ची घर : माटो वा फुसको भित्तामा फुस वा टिनको छाना भएको वा काठको खाँवा गाडी बनाइएको

८. यो निर्देशिका लागू भैसकेपछि गाउँपालिकाबाट अभिलेखीकरण प्रमाण-पत्र नलिएका कुनै पनि घर भवनलाई सरकारी सेवा सुविधाको साथ साथै प्राकृतिक प्रकोपबाट भएको क्षतिको लागि राहत रकम उपलब्ध गराईने छैन ।

९. यो निर्देशिका प्रारम्भ भए पश्चात बढीमा तीन (३) महिना म्याद राखी भवन अभिलेखीकरणको लागि सार्वजनिक सुचना प्रकाशन गर्न सकिनेछ ।

१०. गाउँपालिकाबाट खटिई गएका डोरलाई कुनै शंका भएमा संधियारको जग्गा विवाद भएमा अभिलेखीकरण प्रक्रिया अघि बढ्ने छैन । तर विवाद समाधान भए पछि अभिलेखीकरण गर्नु पर्नेछ ।

११. यस निर्देशिका कार्यान्वनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

१२. बचाउ : (१) यस निर्देशिकामा लेखिएको कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस अघि गाउँपालिकाबाट भए गरेका कामहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।



अनुसूची -१

(दफा ५को (क) सँग सम्बन्धित)

निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
जानकी गाउँपालिकाको कार्यालय
दुर्गौली, कैलाली ।

विषय : घर नक्सा अभिलेखीकरण गरी पाऊँ

महोदय ,

गाउँपालिकामा निवेदन गर्नाको खास कारण मेरो/हाम्रो नाउँमा दर्ता श्रेस्ता कायम भएको साविक ............... गा.वि.स. वडा नं. .......... हाल जानकी गाउँपालिका वडा नं. ........ कि.नं. ...............क्षे.फ. ...............जग्गामा मैले .............सालमा ..............कोठाको ............ तलाको ..................क्षे.फ. को ............ तले घर निर्माण गरेको र पूर्वमा ......................... को पश्चिममा.............................. को उत्तरमा ...................................... को दक्षिणमा ............................. को जग्गाको साँध-सिमानालाई समेत बाधा नपुऱ्याई निर्माण गरेको र सो घरको नक्सापास नगरेकोले जानकी गाउँपालिकाले निर्माण गरेको मापदण्ड राम्रो सँग बुझी सहमत भै लाग्ने दस्तुर दिन समेत तयार भै घर नक्सा अभिलेखीकरणका लागि सिफारिस गरी दिनहुन यो निवेदन सदर पेश गरेको छु/छौं । मैले/हामीले माथि उल्लेख गरेका विवरण झुठा ठहरे कानून बमोजिम सहने बुझाउने छु/छौं ।

निवेदक
नाम थर :
ठेगाना :
टोल :
सम्पर्क नं.:

## अनुसूची -२

(दफा ५को (ग) सँग सम्बन्धित)

(परामर्श दाता इन्जिनियर प्राविधिक प्रतिवेदन )

यस गाउँपालिका स्थान ........... वडा नं. ....... मा अवस्थित कि.नं. ....... क्षेत्रफल ........... मा पहिले नै बनिसकेको घरको घर धनि श्री .................... ले घर अभिलेखीकरण प्रयोजनको नक्सा पासका लागि पेश गरेको नक्सा सम्बन्धमा मिति ............ स्थलगत निरीक्षण गरि देहाय बमोजिमको प्रतिवेदन पेश गरेको छु ।

नक्सा बनाउने प्राविधिकले उल्लेख गर्नु पर्ने विवरण

१.जग्गा धनीको नाम थर : ........................................................

२. भू- उपयोग क्षेत्र : ........................................................

३. निर्माणको प्रयोजन : ........................................................

४. निर्माणको लागि प्रस्तावित जग्गाको कि.नं. ..............................

५. जग्गा धनीको पुर्जा अनुसारको जग्गाको क्षेत्रफल (व.फि./व.मि.) : ....................

६. कित्ता नापी नक्सा अनुसारको जग्गाको क्षेत्रफल (व.फि./व.मि.) : ....................

७. फिल्डमा नाप अनुसारको जग्गाको वास्तविक क्षेत्रफल (व.फि./व.मि.) : ............

८. प्रस्तावित भवनको प्लिन्थको क्षेत्रफल (व.फि./व.मि.) : ..............................

९. प्रस्तावित भवनको ढाक्ने क्षेत्रफल प्रतिशतमा (न्यगलम ऋयखभचबनभ) : ........

१०.निर्माण भएको स्थल सम्मको पुग्ने बाटोको अवस्था :

१०.१ बाटोको किसिम : ☐ पिच ☐ ग्राबेल ☐ कच्ची ☐ अन्य

१०.२ बाटोको चौडाई :..............................

१०.३ नक्सा बमोजिमको सडक क्षेत्र र साइट प्लान मेल खाँन्छ/खाँदैन सो को विवरण ....

११. छोडिएको सेट ब्याक (सडक पट्टि) ..............................

पुर्व पट्टि .......... पश्चिम पट्टि ........ उत्तर पट्टि ......... दक्षिण पट्टि ..........

१२. निर्माण भएको भवनको सार्वजनिक स्थल वा निर्माणलाई बाधा पुऱ्याएको छ ☐ छैन ☐

१३. खोला/खहरे/नदि/ताल/कुलो आदि नजिक भए सो देखि,

१३.१ भवन निर्माणको जग्गा सम्मको दुरी ..............................

१३.२ बनेको भवनको बाहिरी भाग सम्मको दुरी ..............................

१४. निर्माण भएको जग्गा वा सोको नजिकबाट हाइटेन्सन लाइन गएको छ ☐ छैन ☐ छ भने

१४.१ निर्माण भएको जग्गा सम्मको दुरी ..............................



१४.२ बनेको भवनको बाहिरी भाग सम्मको दुरी ..........................

१५. नापी नक्सा र फिल्डको आकारः मिल्छ मिल्दैन

१६. प्रस्तावित तथा साविक भवन/निर्माण तला, सिलिंग, उचाई र क्षेत्रफल सम्बन्धि विवरण :

| तला | साविक निर्माण भैसकेको क्षेत्रफल (व.फि./व.मि.) | जम्मा क्षेत्रफल (व.फि./व.मि.) | सिलिंग उचाई (व.फि./व.मि.) |
|---|---|---|---|
| | | | |
| सेमि/बेसमेन्ट | | | |
| भुई | | | |
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |
| चौथों | | | |
| जम्मा | | | |

नक्सा बनाउनेको तर्फबाट (पुरा विवरण अनिवार्य भर्नु पर्ने)

मैले नक्सा बनाउने प्राविधिकले पालना गर्नु पर्ने कुराहरूको अध्ययन गरि निवेदक श्री ...................... कार्यालय/संघसंस्थाको नक्सा बनाएको हुँ। उक्त नक्सा तोकिएको मापदण्ड विपरित बनाईएको ठहरे नियमानुसार सहुँला बुझाउँला ।

सहि ..............................

नाम ..............................

योग्यता एंव पद ..............................

कन्सल्टेन्ट फर्म भए सो को नाम ..............................

जानकी गा.पा. मा दर्ता भएको व्यवसाय प्रमाण पत्र नं. ..................

फर्म छाप ..............................

मिति ..............................

## अनुसूची -३

**(दफा ५को (घ) सँग सम्बन्धित)**

**(वडा कार्यालय सिफारिसको ढाँचा)**

मितिः .............

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली ।

विषय :- सिफारिस सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा जिल्ला कैलाली जानकी गाउँपालिका वडा नं. ............. बस्ने .............................को छोरा, ...........................को नाती वर्ष ............. को .....................ले यस कार्यालयमा पेश गरेको घरनक्सा अभिलेखीकरण सिफारिस गरी पाउँ विषयक निवेदन उपर कारवाही हुँदा व्यहोरा भै निजको नाउँमा दर्ता श्रेस्ता कायम भएको साविक गा.वि.स....................... वडा नं......... जिल्ला कैलाली हाल जानकी गाउँपालिका वडा नं. ............ पूर्वमा ...................... को जग्गा, पश्चिममा ..........................को जग्गा, उत्तरमा ...............................को जग्गा र दक्षिणमा ..........................को कित्ता क्षेत्रफल भएको जग्गा यदि चार किल्ला भित्र रहेको कि.नं......................... ज.वि. ..........................क्षेत्रफलमा भवन मापदण्ड, २०७२ लागु हुनु पूर्व/लागु भई सकेपछि मिति ...................... सालमा निर्माण भै घरनक्सा पास छुट हुन गएको भूईतला/पहिलो तला/दोस्रो तला भएको घरले जग्गाको साँध-सिमानालाई समेत बाधा नपुग्ने भई कार्यालयबाट माग गरिए बमोजिम पेश भएका तपसिल बमोजिमका आवश्यक कागजातका आधारमा घरनक्सा अभिलेखीकरणका लागि सिफारिस साथ अनुरोध गरिन्छ ।

तपसिल

१. जग्गाधनी प्रमाण पूर्जा प्रतिलिपि -१ थान
२. चालु आ.व. को एकीकृत सम्पति कर तिरेको रसिदको प्रतिलिपि -१ थान
३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि -१ थान
४. चार किल्ला सिफारिस -१ थान
५. घर भएको जग्गाको नक्सा -१ थान
६. घरको नक्सा -२ थान (A4 size Paper मा)
७. बनेको घरको फोटो चारै तिरबाट
८. जग्गा धनीको फोटो -२ थान (PP size Photo)
९. अभिलेखीकरणका लागि वडाको सिफारिस
१०. अभिलेखीकरणका लागि निवेदन



## अनुसूची -४

**(दफा ५को (ङ) सँग सम्बन्धित)**

श्री जानकी गाउँपालिका कार्यालय
दुर्गौली, कैलाली ।

मिति :.......................

**संधियारको नाममा जारि भएको १५ दिने सूचना**

जानकी गाउँपालिका वडा नं. ....... बस्ने श्री .......................... को नाममा दर्ता रहेको साविक गा.वि.स. ................. हाल जानकी गा.पा. वडा नं. ............ को कि.नं. ........क्षेत्रफल ......... भित्र यस गा.पा.मा पेशा गरेको नक्सा बमोजिमको घर/कम्पाउड वाल अभिलेख गर्न निवेदन पेश गरेकोमा संधियार लगायत सर्वसाधारण को नाममा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदन पेश हुन आएको प्रमाण र नापीको आधारमा अभिलेख गर्दा तपाईहरुको जग्गा लगायत सार्वजनिक स्थलको हानी नोक्सानी हुन्छ, हुदैन, सन्धि सर्पन हानिनोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सबुत प्रमाण सहित गाउँपालिकामा उजुर गर्न सूचित गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराईन्छ ।

**प्रस्तावित निर्माणको निमित्त जग्गाको चार किल्लाको विवरण :**

| दिशा | छाडेको आफ्नो जग्गा | संधियार | | कैफियत |
|---|---|---|---|---|
| | | कि.नं. | नाम | |
| पुर्व | | | | |
| पश्चिम | | | | |
| उत्तर | | | | |
| दक्षिण | | | | |

प्रस्तावित निर्माणको नाप :

लम्बाई : .................. चौडाई ............ तला संख्या.......................

बोधार्थ :

१. श्री वडा ..................समिति कार्यालय : कुनै प्रतिक्रिया भए जनाई दिन हुन अनुरोध छ,
२. निवेदक श्री .................................... सूचना टाँस भएको मितिले १६ दिन पश्चात गाउँपालिकामा सम्पर्क राख्न हुन जानकारी गराइन्छ ।

पेश गर्ने : जाँच गर्ने : प्रमाणित गर्ने :

## अनुसूची -५

(दफा ५को (ङ) सँग सम्बन्धित)

श्री जानकी गाउँपालिका कार्यालय

दुर्गौली, कैलाली

### अभिलेखीकरण सूचना टाँस मुचुल्का

लिखितम् हामी तपशिलका लेखिएका मानिसहरु आगे गाउँपालिका वडा नं. ........... टोल ........... बस्ने श्री ................ ले कि.नं. ......... को घर/कम्पाउण्ड वालको नक्सा अभिलेख प्रयोजनको सिलसिलामा गाउँपालिका कार्यालय दिएको नक्सा निवेदन अनुसार साँध संधियार कसैलाई पिर मर्का परेमा आफुलाई मार्का परेको सबै विवरण खुलाई १५ दिन भित्र उजुर गर्नु होला भनि मिति ................ को १५ दिने सन्धि सर्पन बारेको सूचना गाउँपालिकाका कर्मचारी श्री ............................ ले हामी सबैले देख्ने ठाउँमा सूचना टाँसेको ठिक साँचो हो भनि यो मुचुल्का लेखी सहि छाप गरि खटि आएका कर्मचारी मार्फत गाउँपालिकामा चढायौं ।

निर्माण हुन लागेको .......................................... को चौहद्दी

१. पुर्व पट्टि संधियार श्री ....................................................................

२. पश्चिम पट्टि संधियार श्री ....................................................................

३. उत्तर पट्टि संधियार श्री ....................................................................

४. दक्षिण पट्टि संधियार श्री ....................................................................

गा.पा. को सूचना पाटीमा टाँस गरेको देख्ने साक्षीहरु

१. जानकी गा.पा. वडा नं. ...................... बस्ने श्री ...............................

२. जानकी गा.पा. वडा नं. ...................... बस्ने श्री ...............................

३. जानकी गा.पा. वडा नं. ...................... बस्ने श्री ...............................

काम तामेल गर्ने

नाम र पद ................................ दस्तखत ..........................................

इति सम्वत् ................... साल ........... महिना ............ गते ...... रोज.......

शुभम् ।



## अनुसूची -६

(दफा ५को (च) सँग सम्बन्धित)

श्री जानकी गाउँपालिका कार्यालय, दुर्गौली कैलाली

सुदुर पश्चिम प्रदेश, नेपाल

(पूर्वाधार शाखा)

### १५ दिन पछि साँध-संधियार सम्बन्धि सर्जीमिन मुचुल्का

लिखितम् हामी तपशिलका मानिसहरु आगे जानकी गाउँपालिका वडा नं. ........... टोल ........... बस्ने श्री ..............................को नाममा दर्ता श्रेस्ता कायम रहेको कि.नं. ..............क्षेत्रफल ..................... जग्गामा घर/पर्खाल अभिलेखीकरण प्रमाण पत्र पाउँ भनि नक्सा र जग्गाको प्रमाण सहित गाउँपालिका कार्यालयमा निवेदन दिन आएकोले निजलाई उल्लेखित जग्गा भित्र यस गा.पा. मा पेश भएको नक्सा बमोजिम .................... अभिलेखीकरण प्रमाण पत्र दिँदा सरकारी जग्गा जमिन, बाटो, पानी गौचर, ढल, पाटीपौवा र सार्वजनिक स्थलको जग्गाको हानिनोक्सानी भै बाधा पर्दछ/पर्दैन, निजलाई अभिलेख गरी अभिलेखीकरण प्रमाण पत्र दिन हुन्छ/हुदैन यसमा तपाईहरुले जानेबुझे, देखे सुनेको व्यहोरा पछि सम्म फरक नपर्ने गरी साँचो र सत्य बताई/लेखाई दिनुहोस भनि निजले दिएको नक्सा, निवेदन र जग्गाको प्रमाण र ................. अभिलेख ठाउँमा चौहादी छुट्याउन सो जग्गा समेत देखाई दिएबाट भएमा हाम्रो चित्त बुझ्यो, हामीले देखे, जाने, सुने, बुझेसम्मको व्यहोरा फरक नपरी तपसीलमा बनाई देखाई दिएका छौ, साँचो व्यहोरा लुकाई, छिपाई, झुठ्ठा व्यहोरा देखाई दिंदा सरकारी जग्गा सार्वजनिक जग्गाको पछि हानीनोक्सानी यस ठाउँबाट हुने ठहरिन गएमा कानून बमोजिम साहुला, बुझाउला भनी सर्जीमिन मुचुल्का कागजमा वडा नं. .....................का वडाध्यक्षको रहोवरमा सहीछाप गरी जानकी गाउँपालिकाको कर्मचारी डोर मार्फत जानकी गाउँपालिका कार्यालयमा चढायौं ।

| सही छाप | जग्गा साँध- संधियार अन्यको |
|---|---|

तपसिल संधियारहरू :

१. पुर्व पट्टि संधियार श्री ..........................................................

२. पश्चिम पट्टि संधियार श्री ..........................................................

३. उत्तर पट्टि संधियार श्री ..........................................................

४. दक्षिण पट्टि संधियार श्री ..........................................................

निवेदक :-

जानकी गा.पा. वडा नं. ....... बस्ने वर्ष ..........को जग्गाधनी श्री ........................

रोहवर साक्षी :-

जानकी गा.पा. वडा नं. ............ का वडा अध्यक्ष श्री ..................................

जानकी गा.पा. को तर्फबाट काम तामेल गर्ने नाम श्री ..................................

पद .................................................. दस्तखत ..............................

इति सम्वत् .............. साल ......... महिना ............ गते .......रोज....... शुभम् ।

अनुसूची -७

(दफा ५को (छ) सँग सम्बन्धित)

(घर नक्सा शाखाको प्राविधिक फिल्ड प्रतिवेदन)

यस गाउँपालिका वडा नं. ....... बस्ने श्री ...................................ले निजको नाममा रहेको साविक ............................ हाल यस गा.पा. वडा नं. ........ को कि.नं. ............. तथा क्षेत्रफल ................ भएको जग्गामा बनेको ...............तले घरको यस गाउँपालिकाबाट नक्सा पास प्रक्रियामा नगाई पहिले नै निर्माण सम्पन्न भएको भनि निजले मिति ..........................मा दर्ता नं. .................. मार्फत निवेदन दिनु भएकोमा मैले मिति ...................... घरको फिल्ड चेक जाँच गर्दा निम्न बमोजिम पाईएको प्रतिवेदन पेश गर्दछु ।

१. सडक अधिकार क्षेत्रको चौडाई ....................................

२. छोडिएको सेट ब्याक (सडक पट्टि) ......................................

पुर्व पट्टि .......... पश्चिम पट्टि ........ उत्तर पट्टि ......... दक्षिण पट्टि ..........

३. निर्माणको किसिम

पक्की ☐ लोड वियरिंग ☐ फ्रेम स्ट्रक्चर ☐ अन्य ☐

४. भवनको छानाको किसिम

आर.सि.सि ☐ आर.वि.सि. ☐ टायल ☐ जस्ता ☐ खरको ☐ अन्य ☐

५. बनेको घरको क्षेत्रफल

भुई तला ........... पहिलो तला .............दोस्रो तला ............तेस्रो तला ...........

जम्मा क्षेत्रफल : ..............................

६. पेश भएको नक्सा बमोजिम ☐ भएको ☐ नभएको

७. अन्य केहि भए खुलाउने ..............................................

प्रतिवेदन पेश गर्नेको :

नाम : ..................................................

पद : ..................................................

सहि : ..................................................

मिति : ..................................................



अनुसूची -८

(दफा ५ को (फ) सँग सम्बन्धित)

घर नक्सा अभिलेखीकरण प्रमाण पत्रको ढाँचा

जानकी गाउँपालिका

आ.व.:

गाउँ कार्यपालिकाको कार्यालय

प्रमाण पत्र नं.:

दुर्गौली, कैलाली ।

सुदूर पश्चिम प्रदेश, नेपाल

फोटो

घर नक्सा अभिलेख प्रमाण-पत्र

(निर्देशिका लागु हुनु भन्दा अगाडी निर्माण भईसकेका संरचनाको हकमा)

मिति : ......................

...................... जिल्ला .................... न.पा./गा.पा. वडा नं. ................ स्थायी ठेगाना भई हाल जानकी गाउँपालिका वडा नं. ........टोल बस्ने श्री ..........................ले साविक .................. ...............गा.वि.स. वडा नं. ............ कित्ता नं. ............ क्षेत्रफल ................. जग्गामा निर्देशिका लागु हुनु भन्दा अगाडि घर, टहरा, पर्खाल निर्माण सम्पन्न भैसकेको भनी पेश गर्नु भएको निवेदन उपर कारवाही हुँदा साथै मिति ........................ मा गा.पा. प्राविधिकबाट स्थलगत निरीक्षण गर्दा कार्य सम्पन्न भएको भन्ने प्रतिवेदन पेश हुन आएकोले निजलाई घर नक्सा अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिएको छ ।

| तला | साविक निर्माण भईसकेको क्षेत्रफल वर्ग फिट/वर्ग मिटर | जग्गा क्षेत्रफल वर्ग फिट/वर्ग मिटर | सम्पन्न मिति |
|---|---|---|---|
| से.मि. बेसमेन्ट जग्गा | | | |
| भुई तला | | | |
| पहिलो तला | | | |
| दोस्रो तला | | | |
| तेस्रो तला | | | |
| चौथो तला | | | |
| जम्मा क्षेत्रफल | | | |

| नापी इकाई: | स्थलगत निरिक्षक: | जाँच गर्ने: | प्रमाण पत्र प्रदान गर्ने |
|---|---|---|---|
| (अमिन) | (सव-इन्जिनियर) | (इन्जिनियर) | (प्रमुख प्रशासकीय अधिकृत) |

आज्ञाले,

भानुभक्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत